यो आकाशवाणी हो

चन्द्रप्रसाद शर्माबाट समाचार सुन्नुहोस्

प्रमुख समाचार

- प्रसिद्ध अभिनेता धर्मेन्द्रको निधन, अहिले साँझ मुम्बईको पवन हंस घाटमा अन्तिम संस्कार सम्पन्न
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीसहित राजनेता तथा अभिनेताहरूले दिनुभयो श्रद्धाञ्जली
- न्यायमूर्ति सूर्य कान्त भारतका तीर्पन्नौं मुख्य न्यायाधीश
- रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभयो, गीता विश्वभरिको ग्रन्थ हो अनि
- किरेन रिजिजूको भुटानका प्रधानमन्त्रीसित भेट

अब समाचार विस्तारमा

Dharmendra-Death

प्रसिद्ध अभिनेता धर्मेन्द्र दवलको अन्तिम संस्कार आज साँझ मुम्बईको पवन हंस घाटमा उहाँकी पत्नी हेमा मालिनी, छोरी ईशा तथा छोराहरू सनी र बबी देवलसहित परिवारका अन्य सदस्यको उपस्थितिमा गरियो। लामो बिमारीपछि उननब्बे वर्षीय धर्मेन्द्रको निधन आज बिहान मुम्बईस्थित उहाँको आवासमा भएको हो। अमिताभ बच्चन, सलीम खान, सलमान खान, सञ्जय दत्त, अक्षय कुमार, अनिल कपूर, सिद्धार्थ राय कपूर, शबाना आजमी, दीपिका पादुकोण, रणवीर सिंह र आमिर खानसहित अन्य विभिन्न हस्तिहरूले उहाँलाई अन्तिम विदाई दिए।

लामो समयदेखि बिरामी अभिनेताको निधनले भारतीय सिनेमामा एक युगको अन्त भएको छ। उहाँको मनपर्दो गीत हो..............
आठ दिसम्बर 1935-मा पञ्जाबको लुधियानामा केवल कृष्ण देवलको रूपमा जन्मिनुभएका श्री धर्मेन्द्रले दिल भी तेरा हम भी तेरे नामक चलचित्रबाट आफ्नो यात्रा शुरू गर्नुभएको थियो अनि शोले, सत्यकाम, चुपके-चुपके, गुलामी, मेरा गाँव मेरा देश, नोकर बीवी का, आई मिलन की बेला, प्रतिज्ञा, धरमवीर जस्ता चलचित्रको माध्यमबाट

आफ्नो उत्कृष्ट अभिनयको परिचय दिनुभयो। छह दशकभन्दा अधिकको करियरमा, उहाँले तीन सयभन्दा अधिक चलचित्रमा काम गर्नुभयो। 2012-मा पद्म भूषणले सम्मानित उहाँ भारतीय जनता पार्टीका 2004-देखि 2009-सम्म बीकानेर लोकसभा क्षेत्रबाट सांसद पनि रहनुभयो।

-------------------------------------X-------------------------------------

President-VP-P Dharmendra

यसैबीच, राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति CP राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, गृह मन्त्री अमित साह, रक्षा मन्त्री राजनाथ सिंह तथा सूचना एवं प्रसारण मन्त्री अश्विनी वैष्णवले वरिष्ठर अभिनेता तथा पद्म भूषणले सम्मानित धर्मेन्द्रको मृत्युमा शोक व्यक्त गर्नुभएको छ। सोशल मीडिया पोस्टममा राष्ट्रपति श्रीमती मुर्मुले भन्नुभयो, प्रख्यात चलचित्र अभिनेता तथा पूर्व सांसद धर्मेन्द्रको मृत्यु भारतीय सिनेमाका लागि अपूर्णिय क्षति हो। धर्मेन्द्रलाई सर्वाधिक लोकप्रिय अभिनेताहरूमध्ये एक बताउँदै राष्ट्रतपतिले भन्नुभयो, कला जगतमा दशकोंको योगदानमा उहाँले धेरै एतिहासिक भूमिका निभाउनुभयो।
उपराष्ट्रपति CP राधाकृष्णनले भन्नुभयो, लाखौं मानिसहरूका प्रिय प्रतिक, धर्मेन्द्रले आफ्नो उल्लेखनीय अभिनय र कलाप्रति अटूट समर्पणबाट भारतीय सिनेमाको परिदृष्यलाई समृद्ध बनाउनुभयो। उहाँले भन्नुभयो, यी प्रख्यात अभिनेताले एउटा यस्तो कालातीत विरासत छोड्नुभयो, जसले हाम्रो सिनेमा उद्योगमा सबैभन्दा प्रशंसित हस्तिहरूमध्ये एकका रूपमा कलाकारहरूको पीढ़िलाई प्रेरित गरिरहनेछ।

प्रधानमन्त्री नरेन्द्र मोदीले महान अभिनेता धर्मेन्द्रको निधनमा शोक व्यक्त गर्दै एउटा सोशल मिडिया पोस्टमा भन्नुभयो, उहाँको निधन भारतीय सिनेमामा एक युगको अन्त हो। प्रधानमन्त्रीले भन्नुभयो, उहाँ एक यस्ता चलचित्र हस्ती र एक असाधारण अभिनेता हुनुहुन्थ्यो, जसले प्रत्येक भूमिकामा व्यापकता प्रदान गर्नुभयो। श्री मोदीले भन्नुभयो, जस्तो प्रकारले उहाँले छुट्टा-छुट्टै भूमिका निभाउनुभयो, उसरी नै अनगिन्त मानिसहरूको हृदयमा छाप पनि छोड्नुभयो।

-------------------------------------X-------------------------------------

President CJ

न्यायमूर्ति सूर्य कान्तले आज भारतका तीर्पन्नौं मुख्य न्यायाधीशको रूपमा शपथ लिनुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान राष्ट्रपति भवनमा न्यायमूर्ति सूर्य कान्तलाई पदको शपथ दिलाउनुभयो। न्यायाधीश न्यायमूर्ति सूर्य कान्तले न्यायमूर्ति BR गवईको स्थान लिनुभयो।

शपथ ग्रहण समारोहमा उपराष्ट्रपति CP राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरला र केन्द्रिय मन्त्रीहरू अमित शाह, राजनाथ सिंह, जेपी नड्डासहित अन्य उपस्थित थिए।

---------------------------------------X---------------------------------------

Haryana- Rajnath

रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभयो, गीताको सन्देश केवल देशका सीमाहरूसम्म सीमित नभएर विश्वभरिको ग्रन्थ हो। उहाँले भन्नुभयो, गीताले हामी सबैको जीवन प्रभावित गरेको छ र गीताको प्रचार-प्रसारमा हरियाणा सरकारले पूरा सहयोग गरिरहेछ। हरियाणाको कुरूक्षेत्रमा अन्तरराष्ट्रिय गीता सम्मेलनमा रक्षा मन्त्रीले भन्नुभयो, यस प्रकारको आयोजनाले युवा पीढ़िको चेतनालाई जागृत गर्नमा महत्त्वपूर्ण भूमिका निभाउँछ।

---------------------------------------X---------------------------------------

Rijiju-Bhutan PM

केन्द्रिय मन्त्री किरेन रिजिजूले आज भूटानका प्रधानमन्त्री छिरिङ तोब्गेसित भेट गर्नुभयो। एउटा सोशल मिडिया पोस्टमा, मन्त्रीले भन्नुभयो, उहाँको बातचीतले भारत-भूटान मित्रताको व्यापक र दुई देशको मूल्यलाई दशाउँदछ। श्री रिजिजूले अघि भन्नुभयो, पवित्र बुद्ध अवशेषका लागि भूटानको सम्मानले दुवै देशका मानिसहरूबीच सद्भाव र सम्बन्धलाई बढ़ावा दिँदछ।

आज भूटान पुग्नुभएका श्री रिजिजूले भगवान बुद्धको पवित्र अवशेष फर्काउने सिलसिलामा एउटा प्रतिनिधिमण्डलको नेतृत्व गरिरहनुभएको छ। यी अवशेषलाई सार्वजनिक प्रदर्शनका लागि हिमालयी देशमा ल्याइएको थियो। भारतबाट ल्याइएको अवशेष भूटानद्वारा आयोजित वैश्विक शान्ति प्रार्थना महोत्सवअवधि एउटा विशेष कक्षमा राखिएको थियो।

---------------------------------------X---------------------------------------

Goyal - Ontario Minister

केन्द्रिय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले आज कनाडाको आफ्नो यात्राअवधि ओन्टारियोका आर्थिक विकास, रोजगार सृजन तथा व्यापार मन्त्री भिक्टर फेडेलीसित भेट गर्नुभयो। सोशल मिडिया पोस्टमा श्री गोयलले भन्नुभयो, उहाँको कुराकानी भारत-कनाडा व्यापार र निवेशका अवसर बढ़ाउन र विभिन्न क्षेत्रमा सहयोगलाई अझ व्यापक बनाउनमाथि केन्द्रित रह्यो।

-------------------------------------X-------------------------------------

Prahlad- Pallet Plant

केन्द्रिय नवीन तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले आज हरियाणाको रेवाड़ी जिल्लामा प्यालेट प्लान्टको उदघाटन गर्नुभयो अनि के-टू बायो इथेनल प्लान्टको आधारशिला राख्नुभयो। यो प्यालेट प्लान्टले परालबाट प्रतिदिन दुई सय चालीस टन प्यालेटको उत्पादन गर्छ अनि स्वच्छ पर्यावरणमा योगदान दिँदछ। यस प्लान्टको उद्देश्य फसल अवशेषलाई इथेनल, बायोमास प्यालेट र ग्रामीण रोजगारमा परिवर्तन ल्याउनु हो, ताकि भारतको E-20 अभियान र नेट जीरो 2070 लक्ष्य प्राप्त गर्न सकियोस्।
प्यालेट प्लान्टको उदघाटनपछि मिडियासित कुरा गर्दै श्री जोशीले भन्नुभयो, नयाँ नीतिअन्तर्गत सरकारले पर्यावरण संरक्षणको सबै ताप विद्युत संयन्त्रका लागि बायोमास र नगरपालिका ठोस अपशिष्टको सह-प्रज्वलन अनिवार्य गरेको छ। उहाँले भन्नुभयो, पहिला फसल अपशिष्ट किसानसितै पर्यावरणका लागि पनि बोझ थियो, तर अब यसको उपयोग ताप विद्युत संयन्त्रमा प्यालेटको रूपमा गरिँदैछ, जुन किसानहरूका लागि लाभदायक छ।

-------------------------------------X-------------------------------------

EC SIR

निर्वाचन आयोगले भनेको छ, विशेष गहन पुनरीक्षण (SIR)-को दोस्रो चरणको शुरुवात पछिदेखि निरनब्बे प्रतिशतभन्दा अधिक गणना प्रपत्र मतदाताहरूबीच वितरण गरिसकिएको छ। आयोगले भनेको छ, अहिलेसम्ममा पचास करोड़ पचास लाखभन्दा अधिक गणना प्रपत्र वितरण गरिसकियो।

---------------------------------------X--------------------------------------

BJP-Congress-TMC

भाजपाले आज कंग्रेस र तृणमूल कंग्रेससहित विपक्षी दलहरूमाथि केही राज्यहरूमा विशेष गहन पुनरीक्षण (SIR)-को सुचारू सञ्चालनमा बाधा दिएको आरोप लगाएको छ। नयाँ दिल्लीमा पार्टी प्रवक्ता सुधान्शु त्रिवेदीले भन्नुभयो, SIR देशमा पारदर्शी र निष्पक्ष चुनाउका लागि आवश्यक छ। झारखण्डमा मन्त्री तथा कंग्रेस नेता इरफान अंसारीद्वारा बूथ स्तरका अधिकारीको बारेमा गरिएको कथित टिप्पणिमाथि चिन्ता व्यक्त गर्दै श्री त्रिवेदीले भन्नुभयो, यो टिप्पणी निन्दनीय छ।

पश्चिम बंगालमा तृणमूल कंग्रेसका बूथ स्तरका एजेन्टद्वारा बूथ स्तर अधिकारीलाई धम्काएको आरोपमाथि श्री त्रिवेदीले भन्नुभयो, पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले SIR-सित जोड़िएको मामिलामा घरी-घरी उत्तेजक बयान दिइरहनुभएको छ।

मुख्य न्यायाधीशको शपथ ग्रहण समारोहमा लोकसभामा विपक्ष नेता राहुल गान्धीको अनुपस्थितको मुद्दाबारे उहाँले श्री गान्धीमाथि देशको संवैधानिक व्यवस्थाको छवि धमिल्याउने आरोप लगाउनुभयो।

---------------------------------------X--------------------------------------

Egypt-elections

मिस्रमा आज मानिसहरूले संसदीय चुनाउको दोस्रो चरणमा मतदान गरे, जबकि अधिकारीहरूले नियमको कथित उल्लंघनका कारण लगभग दुई दर्जन निर्वाचन क्षेत्रहरूमा पहिलो चरणको परिणाम रद्द गरेका छन्। दुई चरणको मतदान यस्तो समयमा भइरहेछ, जब सबैभन्दा अधिक जनसंख्या भएको अरब देश व्यापक सुधार र बचतको उपाय लागू गर्ने सरकारी कोशिश हुँदाहुँदै पनि खराब अर्थव्यनवस्थारबाट जुझिरहेछ।

यस महिनाको दश र एघार तारिक चौधवटा प्रान्तहरूमा मतदनको पहिलो चरण पूरा भएको थियो, जसमा गीजा र एलेक्जेन्ड्रियाको मेडिटेरेनियन पोर्ट शहर शामेल छन्।

---------------------------------------X--------------------------------------

Cricket

भारत र दक्षिण अफ्रीकाबीच दोस्रो टेस्टको तेस्रो दिनको खेल समाप्त हुँदासम्ममा दक्षिण अफ्रीकाले दोस्रो पारीमा बिना कुनै ह्विकेट छब्बीस रन बनाएको छ। भारतको पहिलो पारी दुई सय एक रनमा समेटियो। दक्षिण अफ्रीकाले तीन सय चौध रनको बढ़त बनाएको छ। श्रृंखलामा भारत शुन्य एकले पछि छ।

--------------------------------------X--------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- प्रसिद्ध अभिनेता धर्मेन्द्रको निधन, अहिले साँझ मुम्बईको पवन हंस घाटमा अन्तिम संस्कार सम्पन्न
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीसहित राजनेता तथा अभिनेताहरूले दिनुभयो श्रद्धाञ्जली
- न्यायमूर्ति सूर्यकान्त भारतका तीर्पन्नौं मुख्य न्यायाधीश
- रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभयो, गीता विश्वभरिको ग्रन्थ हो अनि
- किरेन रिजिजूको भुटानका प्रधानमन्त्रीसित भेट